अत्यान्त जरुरी

## प्रेस विज्ञप्ति

आज धनगढी उप-महानगरपालिकाले आ.व. २०७६/०७७ को नीति, कार्यक्रम तथा बजेट सार्वजनिक गरेको छ। नगरपालिकाको चौथो नगर सभामा धनगढी उप – महानगरपालिकाका नगर प्रमुख श्री नृप बहादुर वड ज्युको अध्यक्षतामा बसेको चौथो नगर सभामा उप-महानगरपालिकाका उप-प्रमुख श्री शुसिला मिश्र भट्ट ज्युले उप-महानगरको आगामी आ.व. ०७६/०७७ को नीति, कार्यक्रम तथा बजेट विहान ठिक ११:०० बजे नगर सभाको हलबाट वाचन गरि सार्वजनिक गर्नु भएको हो।

सार्वजनिक भएको नीति, कार्यक्रम तथा बजेट अनुमान रु. १,५८,०४,४८,०००/ ले आय र व्यय तर्फ निम्न बमोजिम रहेको छ।

**आय तर्फ**

आन्तरिक आय रु. १७ करोड १८ लाख, वित्तीय समानीकरण रु. २९ करोड ६७ लाख, राजस्व बाडफाड रु. २२ करोड ३१ लाख, सशर्त अनुदान रु. ४३ करोड ३३ लाख प्रदेश सरकार समपुरक कोष अनुदान रु. १ करोड, प्रदेश सरकार विशेष अनुदान रु. १० करोड अन्य आय तर्फ रु. २९ करोड ७ लाख ४८ हजार र नगद मौज्दात रु. ५ करोड ४८ लाख।

**व्यय तर्फ**

चालु खर्च रु. ७६ करोड ३६ लाख ४२ हजार १ सय ६९ रुपैया, पुजीगत खर्च तर्फ रु. ८१ करोड ६८ लाख ५ हजार ८ सय ३४ रुपैया अनुमान गरि आय र व्ययको अनुमानमा आय तर्फ व्यय तर्फ बराबर अनुमान गरी सन्तुलित बजेटको सिद्धान्त अनुसार गरिएको छ।

आय र व्ययका साथै नगरपालिकाले आजै करका दररेट प्रस्ताव गरिएको आर्थिक विधेयक २०७६ र व्ययका शिर्षक तोकिएको विनियोजन विधेयक २०७६ समेत पारित गरियोस भनि नगर सभाको बैठक समक्ष टेवुल गरेको छ।

स्थानीय सरकार संचालन २०७४ (संसोधन समेत) को कानुनी व्यवस्था अनुसार सबै स्थानीय सरकारहरुले आगामी आ.व. का लागि प्रस्ताव गर्ने नीति, कार्यक्रम तथा बजेटको प्रस्ताव चालु आ.व. को आषाढ १० गते भित्रै नगर सभा समक्ष पेश गर्नु पर्ने र ऐ.ऐ. आषाढ मसान्त भित्र नगर सभाबाट पारित गराएर मात्र आगामी आ.व. को शुरु दिन देखि कार्यन्वयनमा लग्नु पर्ने कानुनी व्यवथा रहेको छ।

नगर सभामा प्रस्तुत भएको आगामी आ.व. को आय र व्ययको प्रस्तावमा पुँजीगत खर्च ५१.६८% र प्रशासनिक खर्च ४८.३२% रहेको छ।

विगतमा नगरपालिकाले कार्यक्रम तथा बजेटमा राख्ने गरेको सामाजिक सुरक्षा कार्यक्रम खर्च, सडक वोर्डका योजना, स्थानीय साझेदारी विकास कार्यक्रम लगायतका कार्यक्रम बजेटमा समावेश गरिएको छैन। यी कार्यक्रम बजेट खर्च हरु संघ सरकारको खाताबाट खर्च देखिने भएकोले संघ सरकारको आर्थिक ऐन र विनियोजन ऐनको व्यवस्था अनुसार यसो हुन गएको हो।

नगर सभामा सार्वजनिक भएका नीति, कार्यक्रम बजेट संघ सरकारले उपलब्ध गराएको सुत्र प्रणाली अनुसार आवद्ध गरी आजै उप-महानगरपालिकाले आफ्नो website मा upload गरेको छ।

नगर सभाको अर्को बैठक पुनः भोलि विहान ८:०० बजे नगर सभाको हलमा बस्ने छ।

०७६/०३/०८

श्री सन्तोष मुडभरी
प्रवक्ता
नगर कार्यपालिका
धनगढी उप-महानगरपालिका
धनगढी, कैलाली

२०७६ साल आषाढ ८ गते रोज १ शुभम्